# *चीरहरण* उपन्यासकी प्रमुख पात्र द्रौपदीको शैलीवैज्ञानिक अध्ययन

*प्रतिभा पौडेल**

**Email: paudelpratibha18@gmail.com**

**लेखसार**

*प्रस्तुत आलेख नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा प्रयुक्त पात्र द्रौपदीको शैलीवैज्ञानिक अध्ययनमा आधारित छ । उपन्यासमा द्रौपदीको के कस्तो भूमिका रह्यो भन्ने कुराको पहिचान गर्नु यस अध्ययनको मूल समस्या हो । यस अध्ययनमा पात्र विश्लेषण गर्ने सैद्धान्तिक आधार शैलीविज्ञानलाई बनाइएको छ । चीरहरण उपन्यासलाई नै मूल स्रोत सामग्रीको रूपमा प्रयोग गरी वर्णनात्मक र विश्लेषणात्मक विधिको अवलम्बन गरी अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ । यस क्रममा प्रस्तुत लेखमा नीलम कार्की निहारिकाको परिचय, शैलीविज्ञानको संक्षिप्त परिचय पात्र वर्गीकरण गर्ने शैलीवैज्ञानिक आधारका साथै चीरहरण उपन्यासकी पात्र द्रौपदीले उपन्यासमा निर्वाह गरेको भूमिका तथा स्थानको पहिचान गरिएको छ ।*

शब्दकुञ्जी : आबद्धता, आसन्नता, जीवनचेतना, वस्त्रहरण, भाषाविज्ञान



** शिक्षण सहायक : त्रि.वि. (त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा)*

# A STYLISTIC STUDY OF DRAUPADI, THE PROTAGONIST OF THE NOVEL *CHIRAHARAN*

***Pratibha Paudel***

## Abstract

*The present article is based on the stylistic study of the character Draupadi used in Neelam Karki Niharika's novel Chiraharan. Identifying role of Draupadi played in the novel is the main problem of this study. The theoretical basis for character analysis in this study is stylistics. The study concludes with the use of descriptive and analytical methods, using the novel as its original source material. In this article, the introduction of Neelam Karki Niharika, a brief introduction of stylistics, the stylistic basis for classifying the characters as well as the role and place of Draupadi, the character of the novel Chiraharan, have been identified.*

Keywords: affiliation, proximity, life consciousness, undressing, linguistics

## विषयपरिचय

नेपाली साहित्यमा परिचित नाममध्येको एक नाम हो नीलम कार्की निहारिका । उनको जन्म वि.सं. २०३१ सालमा पाल्पा जिल्लाको गोठादी भन्ने स्थानमा भएको हो । पिता भद्रबहादुर र माता मीनादेवी कार्कीकी सुपुत्रीका रूपमा जन्मिएकी निहारिका नेपाली साहित्यको आख्यान क्षेत्रमा सशक्त रूपमा कलम चलाउने नारीवादी साहित्यकार हुन् । बाल्यकालदेखि नै साहित्यप्रति रूचि राख्ने उनले कविता विधाबाट साहित्ययात्राको शुरूवात गरेको भए तापनि २०५१ सालमा प्रकाशित *मौनजीवन*उपन्यास उनको प्रथम प्रकाशित कृति हो । । उनको कलम मूलतः साहित्यको आख्यान क्षेत्रमा चलेको देख्न सकिन्छ । उनका विभिन्न प्रकाशित कृतिहरूमा *हवन* (२०६२), *कागजमा दस्तखत* (२०६६) र *बेली* (२०६८) कथासङ्ग्रह रहेका छन् भने उपन्यासतर्फ *मौन जीवन* (२०५१), *अर्की आइमाई* (२०७१), *चीरहरण* (२०७२),*योगमाया* (२०७४) रहेका छन् । *अर्की आइमाई* उपन्यासमार्फत् नेपाली साहित्यमा उपन्यासकारको पहिचान कायम गर्न सफल निहारिकाको *चीरहरण* उपन्यासले उनलाई लोकप्रिय बनाउनुका साथै एक सशक्त उपन्यासकारका रूपमा पनि स्थापित गरेको छ । उनको यस उपन्यासले २०७२ सालको पद्मश्री पुरस्कार प्राप्त गरेको छ । युगौंदेखि वर्तमान युगसम्मका नारीहरूले भोग्नुपरेका पीडा, व्यथा, अन्याय र उत्पीडनलाई निकै कलात्मक र यथार्थपरक ढङ्गले संयोजन गरी आफ्ना कृतिमा प्रस्तुत गर्नु उनको महत्त्वपूर्ण विशेषता हो । नीलम आफ्ना उपन्यासमा केवल नारीले भोग्नुपरेका प्रताडनालाई मात्र प्रस्तुत नगरी त्यसको विरूद्ध नारी आफै सजग हुनुपर्ने मान्यतालाई पनि उत्तिकै सशक्त ढङ्गले प्रस्तुत गर्दछिन् (पन्थ, २०७५, पृ. २०) ।

शैलीविज्ञान साहित्यशास्त्र र भाषाविज्ञानको समन्वित रूप हो । यसका आधारमा कला र भाषाको योगात्मक शास्त्र वा विज्ञान भनेर शैलीविज्ञानलाई बुझ्न सकिन्छ । साहित्यका सर्न्दभमा शैलीविज्ञानले साहित्यलाई भाषिक कला र साहित्यिक कृतिलाई कलात्मक भाषिक प्रतीक ठान्दछ । मोहनराज शर्मा शैलीविज्ञानलाई शाब्दिक कला भन्दछन् (शर्मा, २०४८, पृ. १९) । यसले साहित्यिक कृतिको तीन तहमा आधारित रहेर व्याख्या विश्लेषण गर्दछ जसमा आधार सामग्रीको तह, कला माध्यमको तह र भाषिक प्रतीकको तह पर्दछन् । आधार सामग्रीको तह भाषा हो भने कला माध्यमको तह अलङ्कार, बिम्ब प्रतीक, कथानक, चरित्र आदि भाषिक उपकरणबाट निर्मित हुन्छ । भाषिक प्रतीक भनेको साहित्यिक कृति नै हो जसको एउटा पूर्ण संरचना हुन्छ । यी सबै तहमा केन्द्रित रहेर कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन गर्न सकिन्छ । यसै सन्दर्भमा नीलम कार्की निहारिकाको *चीरहरण* उपन्यास पनि अध्ययनीय भएकाले यस उपन्यासमा प्रयुक्त द्रौपदीको शैलीवैज्ञानिक चरित्रचित्रण गर्नुलाई नै यस अध्ययनको मूल शोध्य समस्या बनाइएको छ । प्रस्तुत आलेखमा शैलीविज्ञानलाई आधार बनाएर *चीरहरण*उपन्यासमा द्रौपदीको चरित्रका आधारमा ऊ के कस्ती पात्र हो भन्ने मूल विषयमा आधारित रही अध्ययन गरिएको छ ।

## समस्या तथा उद्देश्य


प्रस्तुत आलेखमा *चीरहरण* उपन्यासमा प्रयुक्त पात्र द्रौपदीको शैलीवैज्ञानिक आधारमा कसरी वर्गीकरण गर्न सकिन्छ; भन्ने समस्यालाई मूल शोध्य समस्या बनाइएको छ । यस आलेखमा  उपन्यासका सम्पूर्ण पात्रहरूको वर्गीकरण र विश्लेषण गर्न सम्भव नहुने हुँदा केवल द्रौपदीको चरित्र चित्रण गरिएको छ । प्रस्तुत आलेखको प्रमुख उद्देश्य शैलीविज्ञानको सिद्धान्तमा आधारित रहेर *चीरहरण* उपन्यासकी पात्र द्रौपदीको चरित्र चित्रण गर्नु रहेको छ । बहुपात्रको प्रयोग गरिएको यस उपन्यासका सम्पूर्ण पात्रहरूको अध्ययन यस सानो आलेखमा सम्भव नहुने हुँदा केवल द्रौपदीको चरित्र चित्रण गर्नुलाई प्रमुख उद्देश्य *चीरहरण*उपन्यासकी प्रमुख पात्र द्रौपदीको चरित्रलाई शैलीवैज्ञानिक वर्गीकरणका सन्दर्भबाट अध्ययन गर्नु रहेको छ ।

## अध्ययन विधि

मूलतः विश्लेषणात्मक विधिको उपयोग गरी यस अध्ययनलाई अगाडि बढाइएको छ । यसका लागि स्रोत सामग्रीका रूपमा नीलम कार्की निहारिकाको *चीरहरण* उपन्यासलाई मूल स्रोत सामग्री बनाएर शैलीवैज्ञानिक अवधारणाका आधारमा द्रौपदीको विश्लेषण गरिएको हुनाले यो आलेख द्वितीय स्रोतमा आधारित रहेको छ । शैलीविज्ञानको सिद्धान्तमा टेकेर अध्ययन विश्लेषण गरिएको यो अनुसन्धान गुणात्मक  अनि विश्लेषणात्मक प्रकृतिको रहेको छ ।

## उपन्यासमा पात्रको शैलीवैज्ञानिक वर्गीकरणको आधार

घटना घटाउने प्रमुख कारक तत्त्व नै पात्र हो । कुनै पनि आख्यानात्मक कृतिमा त्यसको परिवेशभित्र व्यवस्थित गरिएको व्यक्ति नै पात्र हो (शर्मा, २०४८, पृ. १७३) । अर्थात् उपन्यासमा प्रयोग गरिएको मानव वा मानवेतर प्राणी पात्र वा चरित्र हो । जसले कुनै विशेषता बताएको हुन्छ (बराल र एटम, २०५६, पृ. २९) । कुनै पनि आख्यानात्मक कृतिमा विभिन्न पात्रहरूको प्रयोग गरिएको हुन्छ । कथानकलाई अघि बढाउन तथा लेखकीय उद्देश्य प्राप्त गर्नका निमित्त पनि कृतिकारले पात्रको प्रयोग गर्दछन् । जसले उपन्यासको कथावस्तुलाई गतिशीलता प्रदान गर्दछ । मानिसमा सामाजिकता, साँस्कृतिकता, भौगोलिकता आदि विशेषताहरूले गर्दा विविध स्वभाव निर्मित हुन्छन् र तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखा पर्दछ (सुवेदी, २०५३, पृ. १७) । यस्ता फरक फरक स्वभावले उपन्यासमा चारित्रिक विविधताहरू सिर्जना हुन्छन् । यिनै पात्रका चारित्रिक भिन्नताहरूको अध्ययन गर्नु नै चरित्रचित्रण हो (प्रधान, २०३७, पृ. १०) । उपन्यासमा पात्रहरूले गर्ने कार्य तथा भूमिकाका आधारमा पात्रको शैलीवैज्ञानिक वर्गीकरण गर्न सकिन्छ । लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता तथा आबद्धताका आधारमा पात्रहरूलाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ (शर्मा, २०४८, पृ. १७४):




## लिङ्गको आधार

कुनै पनि कृतिमा व्यक्ति वा पात्रको शारीरिक जात छुट्याउने आधार नै लिङ्ग हो (शर्मा, २०४८, पृ. १७४) । यसरी हेर्दा लिङ्गका आधारमा पात्रलाई स्त्री र पुरुष गरी दुई भागमा विभाजन गर्न सकिन्छ । उपन्यासमा उनीहरूले खेलेको भूमिका, संवाद, सर्वनाम, विशेषण तथा क्रियापद आदि लिङ्ग छुट्याउने आधार हुन् । यस विभाजनद्वारा कृतिमा नायक अथवा नायिका, खलनायक वा खलनायिका आदिको पहिचान गर्न सकिन्छ ।

## कार्यको आधार

आख्यानात्मक कृतिमा प्रयुक्त सबै पात्रहरूले उस्तै र उत्तिकै महत्त्वपूर्ण कार्य गरेका हुँदैनन् । उनीहरूले गरेका कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी तीन भागमा पात्रको विभाजन गर्न सकिन्छ । सबैभन्दा बढी कार्य सम्पादन गर्ने वा कार्यमूल्य भएको पात्र प्रमुख हुन्छ । त्यसभन्दा कम कार्य गर्ने वा कार्यमूल्य भएको पात्र सहायक हुन्छ भने ज्यादै थोरै कार्यमूल्य भएको पात्र गौण हुन्छ (बराल र नेत्र एटम, २०५६, पृ. ३१) । उपन्यासमा कथानकको केन्द्रमा रहने पात्र प्रमुख हुन्छ, जसले कथानकलाई संघर्षतिर उन्मुख गराउँदैचरम सीमातर्फ लैजान्छ । कथानकको केन्द्रविन्दुमा रही अन्त्यसम्म उपस्थित हुने कृतिगत व्याप्ति भएको पात्र प्रमुख हो । यसले घटना विस्तार गर्न र कथानकलाई उद्देश्यसम्म पुऱ्याउने महत्त्वपूर्ण कार्य गर्दछ । प्रमुख पात्रलाई उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने कार्य सहायक पात्रले गर्दछ । आख्यानमा यसको आदिदेखि अन्त्यसम्म महत्त्वपूर्ण भूमिका र उपस्थिति नभए पनि उपन्यासलाई निष्कर्षतर्फ उन्मुख गर्ने कार्यमा सहयोग गर्दछ । त्यसैगरी न्यून भूमिका भएको तथा औपन्यासिक कथावस्तुमा महत्त्वपूर्ण घटनासँग खासै सम्बन्ध नदेखाउने पात्र गौण पात्र हो । यस्तो पात्रलाई हटाइदिँदा पनि उपन्यासको संरचनामा त्यति ठूलो असर पुग्दैन ।

## प्रवृत्तिको आधार

पात्रले कथानकमा देखाएको व्यवहार तथा प्रवृतिका आधारमा अनुकूल र प्रतिकूल गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ (शर्मा , २०४८, पृ. १७५) । असल, इमानदार, परोपकारी, कर्तव्यनिष्ठ, सहयोगी तथा कृतिगत उद्देश्यप्रति वफादार पात्र अनुकूल पात्र हो,जसलाई सत् पात्र पनि भनिन्छ । सकारात्मक व्यवहार प्रदर्शन गर्ने यस्ता पात्रले पाठकको सहानुभूति सहज रूपले प्राप्त गर्दछन् । सत् पात्रका निम्ति उपन्यासमा सकारात्मक भाव भएका शब्दको बढी प्रयोग गरिएको हुन्छ । उपन्यासमा नकारात्मक प्रवृत्तिका कार्यहरूमा

प्रवृत्त, दुष्ट, असहयोगी, अरूको कुभलो चाहने, कपटी, धूर्त, ईर्ष्यालु, अरूलाई दुःख दिने, द्वन्द्व सिर्जना गर्ने तथा कृतिगत उद्देश्यमा बाधा पुऱ्याउने पात्र प्रतिकूल पात्र हो, जसलाई असत् पात्र पनि भन्ने गरिन्छ । यस्ता प्रवृत्तिका पात्रका लागि नकारात्मक भाव भएका शब्दहरूको बढी प्रयोग गरिएको हुन्छ ।

### स्वभावको आधार

औपन्यासिक कृतिका पात्रहरू केही बदलिँदो परिस्थिति अनुसार बदलिने र केही बदलिँदो परिवेशमा पनि नबदलिने स्वभावका आधारमा गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् (शर्मा, २०४८, पृ. १७५) । कथानकमा शुरूदेखि अन्त्यसम्म एकनासको व्यवहार प्रदर्शन गर्ने तथा विचारमा कुनै परिवर्तन नल्याउने पात्र गतिहीन पात्र हो । त्यसैगरी कथानकमा परिस्थिति अनुकूल व्यवहार तथा विचार परिवर्तन गर्ने पात्र गतिशील पात्र हो । जसले शुरूदेखि अन्त्यसम्म परिवेश अनुसार आफ्नो विचार तथा व्यवहारमा परिवर्तन ल्याइरहन्छन् ।

### जीवनचेतनाको आधार

उपन्यासमा पात्रहरू कसैले सामाजिक जीवनको प्रतिनिधित्त्व गरेका हुन्छन् त कसैले नितान्त व्यक्तिगत जीवन । यस आधारमा पात्र दुई किसिमका हुन्छन् - वर्गगत र व्यक्तिगत (शर्मा, २०४८, पृ. १७५) । कुनै निश्चित वर्गले भोग्ने जीवन भोगेको पात्र वर्गगत हो । यस्तो पात्रले यथार्थ जीवनमा अन्य व्यक्तिहरूले भोगेको जीवनको प्रतिनिधित्व गरेर कथानकमा सोही अनुरूप जीवन बाँचेको हुन्छ । यस्तो पात्रले सामाजिक वर्गको जीवनको प्रतिनिधित्व गरेको हुन्छ । वर्गगत पात्रलाई प्रतिनिधि पात्र पनि भन्ने गरिन्छ । त्यस्तैगरी कृतिमा नितान्त व्यक्तिगत जीवन बाँच्ने पात्र वर्गहीन पात्र हो । सामाजिक जीवनको प्रतिनिधित्व नगर्ने र केवल आफ्नो निजी स्वभाव वा चरित्र प्रदर्शन गर्ने पात्र वर्गहीन पात्र हो ।

### आसन्नताको आधार

आख्यानात्मक कृतिमा पात्रको उपस्थितिलाई नै आसन्नता भन्ने गरिन्छ । उपन्यासमा उपस्थिति वा आसन्नताको आधारमा पात्रहरू नेपथ्य र मञ्चीय गरी दुई प्रकारका हुन्छन् (बराल र नेत्र एटम, २०५६, पृ. ३२) । उपन्यासमा कथानकमा जसको प्रत्यक्ष भूमिका हुँदैन र जसले घटनाक्रमलाई अगाडि बढाउनमा आंशिक भूमिका निर्वाह गरेका हुन्छन् त्यस्ता पात्र नेपथ्य पात्र हुन् । यस्ता पात्रहरू पूर्ववर्ती समयमा सक्रिय रहेका हुन्छन् । त्यसैगरी कथानकमा प्रमुख भूमिका निर्वाह गर्ने, नायक नायिकासँग प्रत्यक्ष संवाद हुने पात्र मञ्चीय पात्र हुन् । यस्ता पात्रहरूमा प्रायः प्रमुख र सहायक पात्रहरू पर्दछन् ।मञ्चीय पात्रहरूले वर्तमान समय विन्दुमा सक्रिय तथा प्रत्यक्ष रूपमा  कार्य गरेका हुन्छन् ।

### आबद्धताको आधार

आबद्धता भन्नाले उपन्यासको उद्देश्य र संरचनासँगको सम्बन्ध भन्ने बुझिन्छ । यस आधारमा पात्र दुई वर्गका हुन्छन् - बद्ध र मुक्त । आख्यानात्मक कृतिको पर्याधारभित्रका सन्दर्भहरूमा बाँधिएर सार्थक हुने पात्र बद्ध पात्र हुन् भने उक्त पर्याधारबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्र मुक्त पात्र हुन्  (शर्मा, २०४८, पृ. १७६) । कथानकको केन्द्रविन्दु भएका तथा कथानककै वरिपरी रहेका पात्रहरूलाई बद्ध पात्र भनिन्छ । जसलाई कथानकबाट हटाइदिँदा आख्यानात्मक कृतिको संरचना खल्बलिन सक्छ । यस्ता पात्रमा प्रायः प्रमुख तथा सहायक पात्रहरू पर्दछन् । कथावस्तुमा खासै ठूलो भूमिका नभएका तथा कृतिबाट त्यस्ता पात्रहरूलाई हटाइदिँदा पनि कृतिको मूल संरचनामा असर नपर्ने पात्रहरू मुक्त पात्र हुन् ।

## *चीरहरण* उपन्यासकीप्रमुख पात्र द्रौपदीको चरित्रचित्रण

*चीरहरण* उपन्यासमा महाभारतको कथालाई उपजीव्य बनाइएको छ । महर्षि वेदव्यासद्वारा रचना गरिएको महाभारतको विषयवस्तुलाई आधार बनाएर लेखिएको यो उपन्यास मूलतः नारी चरित्रका धरातलमा केन्द्रित रहेको छ ।यस उपन्यासमा तत्कालिन समयका नारी चरित्रहरूका इच्छा, आकाङ्क्षा, आशा, निराशा, विवशता, कुण्ठाहरूलाई वर्तमान समयको दृष्टिकोणबाट विश्लेषण गर्ने कार्य उपन्यासकारले गरेकी छिन् । प्रथम पुरूष शैलीमा लेखिएको यो उपन्यासको प्रत्येक अध्याय र खण्डमा नारी पात्रहरूलेसुनाइरहेका आत्मकथनले नारी जीवनका वास्तविक यथार्थहरूलाई प्रस्तुत गरेको छ । प्रस्तुत उपन्यासमा सत्यवती, अम्बिका, अम्बालिका, गान्धारी, कुन्ती, द्रौपदी, उलुपी, भानुमतीजस्ता नारी पात्रहरू प्रमुख रूपमा आएका छन् । त्यसैगरी उपन्यासमा दासराज, चेदीराज उपरिचरवसु, शान्तनु, महर्षि परासर, देवव्रत (भीष्म), विचित्रवीर्य, धृतराष्ट्र, विदुर, दुर्योधन, युधिष्ठिर, भीम, अर्जुन, नकुल, सहदेव, दुःशासन, शकुनी, कर्ण, किचक, जरासन्ध,जयद्रथ, राजा विराट, कृष्ण( वासुदेव) आदि लगायत सम्पूर्ण पात्रहरू नारी पात्रकै माध्यमबाट आएका छन् ।विभिन्न पात्रहरूको उपस्थिति रहेको यस उपन्यासमा नारी चरित्रहरू नै प्रधान रूपमा आएका छन् । *चीरहरण* उपन्यासमा सत् असत् सबै प्रकारका पात्रहरूको उपस्थिति रहेको छ । उपन्यासमा प्रयुक्त विभिन्न पात्रहरूमध्ये यस आलेखमा द्रौपदीको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

### लिङ्गको आधार

*चीरहरण* उपन्यासकी द्रौपदी लिङ्गका आधारमा स्त्री पात्र हो । द्रौपदी पाञ्चालकी राजकुमारी, राजा द्रुपदकी पुत्री, धृष्टद्युम्नकी बहिनी, पाँच पाण्डवकी पत्नी तथा पाँच सन्तानकी माता पनि हो । उपन्यासको अध्याय चारको खण्ड एकमा परिचय दिने क्रममा "पाञ्चालकी राजकुमारी थिएँ" (कार्की, २०७२, पृ. २६५) भन्ने वाक्यबाट नै ऊ नारी पात्र हो भन्ने प्रष्ट हुन्छ । त्यसैगरी पाञ्चालका महाराज द्रुपदले आफ्नी पुत्रीको विवाह गर्न स्वयंवर सभाको आयोजना गर्नु, द्रौपदीले आफ्नो विवाहमा उत्तम वर प्राप्त हुने कुरामा चिन्ता व्यक्त गरेको अवस्थामा "चिन्ता मुक्त होउ प्रिय बहिनी !" (कार्की, २०७२, पृ. २६७) भनी दाजु धृष्टद्युम्नले सम्बोधन गरेको जस्ता विभिन्न प्रसङ्गबाट पनि ऊ स्त्री पात्र हो भन्ने कुरा बुझिन्छ ।  उसको भेषभूषा, शारीरिक बनावट तथा सौन्दर्य, संवाद गर्ने ढङ्गबाट पनि ऊ नारी पात्र हो भन्न सकिन्छ ।द्रौपदीको सुन्दरताको प्रशंसामा सेविकाले "राजकुमारी सवारी हुँदा महापुरुषहरूले आँखा झिमिक्क गर्न समेत बिर्सिनुभयो । .......एक दुईजना अर्धचेत नै हुनुभयो" (कार्की, २०७२, पृ. २६६) भन्ने सर्न्दभबाट पनि द्रौपदी एक सुन्दर स्त्री पात्र हो भन्ने कुरा स्पष्ट हुन्छ ।

### कार्यको आधार

उपन्यासमा द्रौपदीले खेलेको भूमिकाको आधारमा उसलाई प्रमुख पात्रका रूपमा लिन सकिन्छ । उसको जीवनमा घटेको वस्त्रहरण जस्तो निन्दनीय घटनाकै आधारमा उपन्यासको शीर्षकीकरण गरिनुले पनि यस कुरालाई पुष्टि गर्दछ । अन्य अध्यायका तुलनामा द्रौपदीले आत्मकथा प्रस्तुत गरेको अध्याय निकै लामो रहेको छ । सम्पूर्ण कथावस्तुको संघर्ष र उत्कर्ष उसमै केन्द्रित रहेको छ ।भर्खर विवाह भएर गएकी  द्रौपदीले गृह प्रवेश गर्न नपाउँदै बहुपति स्वीकार गर्नुपर्ने परिस्थिति उपन्यासमा देख्न सकिन्छ । "पाँच भाइले बराबरी बाँडेर लिनु" (कार्की, २०७२, पृ. २९४) भन्ने कुन्तीको भनाइले यो कुरालाई पुष्टि गर्दछ । राजदरबारको सुखसयलमा हुर्किएकी द्रौपदी आफ्नो पिताको इच्छा अनुसारको वर स्वीकार गर्न बाध्य भएकी छ । त्यसमाथि पनि सबै सुख सुविधाबाट वञ्चित रहेर पाँच पतिमा विभक्त भएर कष्टकर वनवासी जीवन बिताएकी छ । यस्ता विभिन्न प्रसङ्गले कथानकलाई संघर्षतिर डोऱ्याएको छ । त्यसैगरी राज्यसभामा "महारानीलाई महाराज युधिष्ठिरले जुवामा हार्नुभयो" (कार्की, २०७२, पृ. ३६१) भन्ने भनाइले कथानकमा संघर्षको बिकास भएको देखाउँछ । त्यस्तैगरी

दुःशासनले द्रौपदीलाई लछारपछार गरी जुवाघरमा पुऱ्याउनु, दासीको रूपमा व्यवहार गर्नु, राज्यसभामा उपस्थित व्यक्तिहरू उक्त अत्याचारको विरुद्ध मौन रहनु, अपशब्दहरूको प्रयोगद्वारा अपमानित गर्नु आदि जस्ता विभिन्न घटनाक्रमहरू र "भाइ दुःशासन, यो दासी द्रौपदीलाई नाङ्गो बनाऊ !" (कार्की, २०७२, पृ. ३६६) भन्ने दुर्योधनको अभिव्यक्तिले पनि कथानकलाई उत्कर्षमा पुऱ्याउन सहयोग गरेको छ । त्यसैगरी थप बल पुऱ्याउने सन्दर्भहरूमा दुःशासनले वस्त्र हरण गर्ने प्रयास गर्नु, उक्त प्रयासमा सफल हुन नसक्नु, वस्त्रको पहाड बन्नु, पाण्डवहरू वनवास जान बाध्य हुनु जस्ता विविध घटना रहेका छन् । वनवासको समयमा पनि जयद्रथद्वारा बलत्कारको प्रयास गरिनु, अज्ञातवासको समयमा पनि किचकद्वारा जबरजस्ती अस्मिता लुट्ने प्रयास हुनु जस्ता विभिन्न घटनाहरू द्रौपदीको जीवनमा घटेका छन् । त्यसकारण उपन्यासमा प्रयुक्त अन्य नारी पात्रका तुलनामा कथानकलाई चरमसम्म डोऱ्याउने कार्य द्रौपदीले नै गरेको देखिन्छ । उपन्यासमा जे जति नारी उत्पीडन र शोषण भए ती सबै कुराहरू अन्यपात्रका तुलनामा द्रौपदीले अधिक मात्रामा भोगेको देखिन्छ । त्यसकारण उपन्यासमा उसको प्रमुख र महत्त्वपूर्ण भूमिका रहेको छ । लेखकीय उद्देश्य प्राप्तिमा पनि द्रौपदीकै प्रमुख भूमिका रहेको हुनाले ऊ यस उपन्यासकी प्रमुख पात्र हो ।

### प्रवृत्तिको आधार

प्रवृत्तिको आधारमा द्रौपदी अनुकूल पात्र हो । उपन्यासमा कसैको बिगार नगरेकी ऊ सत् पात्र हो । पिताको आज्ञा पालन गरेर स्वयंवर सभामा सरिक हुनु, सासु कुन्तीको आदेशलाई शिरोधार्य गरी पाँच पाण्डवकी साझा पत्नी बन्न स्वीकार गर्नु, आफ्ना पतिहरूको सेवा गर्नु र आज्ञापालन गर्नुलाई आफ्नो धर्म सम्झिनुजस्ता प्रवृत्तिले उसलाई एक कर्तव्यपरायण, आज्ञापालक र सत् पात्रका रूपमा परिचित गराएको छ । पाँच पतिहरूलाई समान व्यवहार गरी आफ्नो गृहस्थी कुशलतापूर्वक निभाएकी छ । आफ्ना पतिहरूले अन्य पत्नी भित्र्याए पनि उसले कुनै विरोध गरेको देखिँदैन । सौताप्रति नारीसुलभ इर्ष्या भए पनि उनीहरूको कुभलो सोचेकी छैन र सबैलाई एकताबद्ध गरी राखेकी छ । यसबाट उसलाई एक कुशल गृहिणी पनि भन्न सकिन्छ । पतिका सुख तथा दुःख दुवैमा साथ दिने, ठूलाको वचन तथा आज्ञाको मान राख्ने चरित्र भएकी आदर्श नारी पात्र हो । पतिको सेवा गर्न हरदम तत्पर रहने द्रौपदी कर्तव्यनिष्ठ पात्र हो । आफूमाथि अन्याय, अत्याचार तथा बलात्कारको प्रयास हुँदासम्म पनि दोषीलाई सजाय दिन नसक्नुलाई उसको चारित्रिक कमजोरी मान्न सकिन्छ । अरूले पाँच पतिमा आफूलाई भाग लगाउँदा पनि केही प्रतिकार नगर्नु उसको चारित्रिक दुर्बलता हो । आफूमाथि अन्याय भएको थाहा हुँदाहुँदै पनि न्यायका लागि अरूलाई गुहार्नुपर्ने, आफूलाई न्याय दिलाउन नसक्ने, खुलेआम राज्यसभामा वस्त्रहरण हुँदा पनि आफ्नो सुरक्षाको लागि प्रतिकार गर्न नसक्ने कमजोर पात्र द्रौपदी हो भन्ने कुरा उसको यो भनाइबाट प्रष्ट हुन्छ - "परनिर्भरता जस्तो ठूलो रोग-व्याधि केही रहेनछ" ( कार्की, २०७२, पृ. ४९०) । आफू तथा आफ्ना पतिहरूप्रति भएको अन्याय, अत्याचार, छलकपट तथा प्रपञ्चको विरूद्धमा "अत्याचार र द्वन्द्वले मक्काएको र भित्रभित्र जलिरहेको राज्यको पुनर्निर्माणको आवश्यकता छ । युद्धबिना द्वन्द्व मत्थर भए जस्तो देखिएला परन्तु अग्नि भित्रभित्र अवश्य रहनेछ । त्यस अग्निको बिउ हामीले युद्धबाट नै निभाउनुपर्छ ।" (कार्की, २०७२, पृ. ४९६) भनी आवाज उठाएकी छ । यसबाट युद्ध अपरिहार्य रहेको विचार स्पष्ट हुन्छ । उसको युद्धप्रतिको उक्त विचारमा कृष्णको "....मानव कल्याणको निम्ति तिम्रो प्रतिज्ञा भन्दा अधिक शान्ति महत्त्वपूर्ण छ ।" (कार्की, २०७२, पृ. ४९२) भन्ने सुझाव तथा ग्राम निवासी सासुबुहारीको "... आखिरीमा पक्ष-विपक्ष कसको शरीरबाट बगेको रगत हो छुट्याउन सकिने पनि होइन ।" भन्ने जस्ता संवाद सुने पश्चात् युद्धबाट निर्दोषले पनि अनाहकमा सजाय पाउने कारणले शान्तिवार्ताको पक्षमा उभिएकी छ । यसबाट पनि उसलाई अनुकूल पात्रका रुपमा लिन सकिन्छ ।

## स्वभावको आधार

प्रस्तुत उपन्यासमा स्वभावको आधारमा द्रौपदी गतिशील पात्र हो । आफ्ना जीवनका आरोह अवरोहहरूसँगै उसको जीवनमा तथा व्यवहार एवम् विचारमा परिवर्तन हुँदै आएको देखिन्छ । पाँच पतिकी पत्नी बन्नुपर्दा असन्तुष्टि जनाए पनि पछि उसले सासु तथा पतिको आज्ञाको पालन गरेको देखिन्छ। पटकपटक आफू अपमानित हुँदा उसमा विद्रोहको सोंच देखिन्छ तर पनि ऊ पतिहरूको आज्ञाको सामु आफ्नो विचारलाई त्याग्न बाध्य हुन्छे। आफू नारी भएकैले विभिन्न अपमान सहनुपरेको कारण विद्रोही चेतनाको विकास भए पनि त्यसका विरूद्धमा केही गर्न सकेकी छैन। जुन कुराप्रतिको असन्तुष्टि महारानी सुदेष्णा समक्ष यसरी पोखेकी छ -"हामी सम्झौता गरेर बाँचेका हुँदा रहेछौं। कहिले पतिको निम्ति, कहिले दाजु, कहिले पिता या पुत्रको निम्ति" (कार्की, २०७२, पृ. ४८४) । आफूमाथि पटकपटक अस्मिता लुट्ने प्रयास हुँदा विद्रोही बनेर देखापरेकी र दोषीलाई दण्डित गर्नुपर्ने माग राखेकी उसको युद्धद्वारा नै दोषीलाई सजाय दिनुपर्ने सोचमा परिवर्तन आई शान्तिको मार्ग अवलम्बन गर्ने कुरामा ऊ सहमत भएकी छ। त्यस्तै आफूप्रति भएको प्रताडनाको मूल कारण पतिलाई मान्दछे भने केही क्षणमै त्यो सोंचमा परिवर्तन आई पतिहरूलाई निर्दोष ठान्दछे र सब घटनाहरूको दोषी आफूलाई मान्दछे - "मेरो कारण पाण्डवको यो हालत भयो" (कार्की, २०७२, पृ. ४४२) । यसरी विभिन्न घटनाक्रम अनुसार उसको विचारमा परिवर्तन आइरहनुले द्रौपदी गतिशील पात्र हो भन्न सकिन्छ।

## जीवनचेतनाको आधार

जीवनचेतनाको आधारमा हेर्दा द्रौपदी वर्गीय पात्रका रूपमा उपन्यासमा देखापरेकी छे। द्रौपदी उच्च दरबारिया कुलमा जन्मिएकी राजकुमारी, पाँच पाण्डवकी साझा पत्नी, इन्द्रप्रस्थकी महारानी पनि हो । उच्च कुलकी पुत्री, पत्नी तथा बुहारी भएर पनि उसले मध्यम तथा निम्नवर्गीय नारी जातिले भोग्नुपर्ने सबै पीडाहरू भोगेकी छ । ऊ सम्पूर्ण नारीहरूको प्रतिनिधि गर्ने पात्र हो । युगौंदेखि नारीले सहनुपरेका अन्याय, अत्याचार, हिंसा, दमन, शोषण सहन बाध्य वर्गीय पात्र हो । सत्ता मोहका निम्ति र सत्ताको प्राप्तिका निमित्त सधैं बलि चढ्नुपर्ने, पुरूषले सधैं भोग्या वस्तुका रूपमा हेर्ने र उनीहरूबाट इच्छाविपरित भोगिनुपर्ने स्थिति, परिवार तथा समाजमा गरिने महत्त्वपूर्ण निर्णयमा सधैं बञ्चित रहनुपर्ने अवस्था, पुरुषको यौनपिपासु दृष्टिबाट बच्न नसकेको अवस्थाबाट द्रौपदी गुज्रिएकी छ। पौराणिक कालदेखि नारी शोषण भइरहेको र वर्तमान युगसम्म पनि उही क्रम चलिरहेको कुरालाई यस उपन्यासकी पात्र द्रौपदीले प्रस्तुत गरेकी छ। समय-समयमा द्रौपदीले जस्तै नारीहरूले चीरहरणको पीडा खप्नुपरेको अवस्थालाई पनि यस पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ। आफ्नो पति आफै चुन्न पाउने अधिकारबाट बञ्चित नारीहरू, पटकपटक बलात्कृत हुनुपर्ने अवस्थाबाट गुज्रिरहेका नारीहरू, न्याय तथा आफ्नो हक, अधिकारको गुहार लगाएर पनि न्याय पाउन नसकेका सम्पूर्ण नारीहरूको प्रतिनिधि पात्र द्रौपदी हो । नारी जातिप्रति गरिने अन्याय, नारी अस्तित्व र अस्मिताप्रति धावा बोल्ने प्रवृत्तिलाई द्रौपदीका माध्यमबाट सशक्त रूपमा प्रस्तुत गरिएको छ। त्यसकारण यस उपन्यासकी द्रौपदी सम्पूर्ण नारीहरूको प्रतिनिधि पात्रका साथै वर्गीय पात्र पनि हो।

## आसन्नताको आधार

आसन्नताको आधारमा द्रौपदी मञ्चीय पात्र हो । उसले उपन्यासमा निर्वाह गरेका सम्पूर्ण भूमिकाहरू सबै प्रत्यक्ष र दृश्यात्मक खालका छन् । उसकै केन्द्रियतामा कथानकले गति प्राप्त गरेको छ । उपन्यासको चौथो अध्यायमा देखापरेकी ऊ कथानकको महत्त्वपूर्ण अङ्गका रूपमा आएकी छे। महाभारत कथाकी प्रसिद्ध पात्र द्रौपदी यस उपन्यासमा पाँच पाण्डवकी पत्नी, चीरहरण गर्ने प्रयास गरिएकी स्त्री, बारम्बार अस्मिता लुट्ने प्रयास गरिएकी नारी पात्र हो । यी सम्पूर्ण घटनाहरूमा ऊ प्रत्यक्ष रूपमा संलग्न पात्र हो । कथानकबाट द्रौपदीलाई हटाइदिँदा उपन्यासको संरचना नै खल्बलिन पुग्दछ। लेखकीय उद्देश्यलाई पूरा गर्न सहयोग गरेकी द्रौपदी यस उपन्यासकी मञ्चीय पात्र हो।

### आबद्धताको आधार

उपन्यासको उद्देश्य र संरचनासँग निकटताको सम्बन्धले द्रौपदीलाई बद्ध पात्र भन्न सकिन्छ । लेखकीय उद्देश्य पूरा गर्न सफल द्रौपदी उपन्यासमा उपस्थित अन्य पात्रसँग पनि सम्बन्धित रहेकी पात्र हो । उपन्यासको घटनाक्रमलाई गति प्रदान गरेकी द्रौपदीको भूमिका सार्थक रहेको छ । उपन्यासबाट द्रौपदीलाई निकालिदिने हो भने उपन्यास प्राणबिनाको शरीर जस्तै हुन पुग्छ । नारी जातिप्रति गरिने भेदभाव, अपमानजन्य व्यवहार, सत्ता स्वार्थका लागि नारीहरू नै प्रयोग हुँदै आएको अवस्थालाई द्रौपदीले पूर्णतः निभाउन सफल भएकी छ । तसर्थ यस आधारमा द्रौपदी बद्ध पात्र हो ।

### निष्कर्ष

नीलम कार्की निहारिकाद्वारा रचित 'चीरहरण' उपन्यास महाभारतको आख्यानलाई समेटेर तयार पारिएको उत्कृष्ट उपन्यास हो । प्रस्तुत उपन्यासमा महाभारतको कथालाई आधार लिइएको भए पनि वर्तमान समयको सामाजिक संरचना, सांस्कृतिक अवस्थालाई यथार्थपरक ढङ्गबाट व्यक्त गरिएको छ । महाभारत कथाको मत्स्यगन्धाको जन्मदेखि महाभारत युद्ध निश्चित हुनुपूर्व सम्मका नारी पुस्ताको कथानकलाई समेटेको यो उपन्यास नारीवादी उपन्यासको उत्कृष्ट नमुना हो । पौराणिक कथानकलाई लिइएको भए पनि वर्तमान समयका सन्दर्भहरूलाई प्रस्तुत गर्न उपन्यासकार सफल देखिन्छिन् । बाल्यकालदेखि नै नारीप्रति गरिने असमान व्यवहार देख्दै र भोग्दै आएकी नीलम कार्की निहारिकाको 'चीरहरण' उपन्यासमा वर्तमान नारीका पीडा, विवशता तथा यथार्थतालाई सशक्त ढङ्गले प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासमा सत्यवती, अम्बिका, अम्बालिका, कुन्ती, गान्धारी, द्रौपदी, भानुमतीजस्ता नारी पात्रका माध्यमबाट नारी जातिप्रति गरिने भेदभाव, अन्याय आदिलाई अत्यन्तै यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । द्रौपदीका माध्यमबाट हजारौँ नारीहरू आजपर्यन्त चीरहरणको पीडा खप्न विवश रहेको कुरा उपन्यासमा व्यक्त गरिएको छ । द्रौपदीले नारीलाई आफ्नो पति चुन्न पाउने स्वतन्त्रता नरहेको कुरालाई प्रस्तुत गरेकी छ । पुरूषप्रधान समाजले नारीलाई केवल यौन सन्तुष्टिका लागि प्रयोग गरिने वस्तुका रूपमा हेर्ने गरेको तीतो यथार्थ, जरासन्ध, दुर्योधन, किचक, जयद्रथ, दुःशासन आदि पात्रले द्रौपदीमाथि गरेको दुर्व्यवहारबाट स्पष्ट भएको छ । द्रौपदीले पाँच पाण्डवलाई पति स्वीकार्नु पर्ने बाध्यताले अझै पनि विभिन्न स्वार्थका नाममा कयौँ नारीहरू बहुपतिबाट भोगिन बाध्य रहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । वर्तमान नेपालमा मात्र नभएर समग्र विश्व समुदायमा नै द्रौपदीले जस्तो अन्याय, अत्याचार सहेर नारीहरू बाँच्न बाध्य छन् भन्ने कुरा पनि उपन्यासमा व्यक्त गरिएको छ । उपन्यासमा रहेका विभिन्न प्रसङ्ग तथा सन्दर्भहरू, द्रौपदीको जीवनमा घटेका यावत् घटनाहरूबाट कथानकमा संघर्ष विकास हुदैं चरम सम्म पुगेको सन्दर्भबाट द्रौपदी यस उपन्यासकी प्रमुख नायिका, अनुकुल, गतिशील, वर्गीय, बद्ध र मञ्चीय पात्रका रुपमा उपस्थित भएकी छ ।

## सन्दर्भसूची


कार्की, निलम 'निहारिका' (२०७२). *चीररहण.* काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

पन्थ, टंकप्रसाद (२०७५). 'चीरहरण उपन्यासमाथि समीक्षात्मक दृष्टि' *प्रज्ञान.* उपन्यास समालोचना विषेशाङ्क, ( वर्ष ६, अङ्क ४), पृ. २०-३१ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०३७). *नेपाली उपन्यास र उपन्यासकार.* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* काठमाडौं : काष्ठमण्डप प्रिन्टिङ प्रेस ।

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५३). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* वाराणसी : माँडर्न दीपक प्रेस ।